# चौरीदेउराली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

ढाँडखर्क भञ्याङ्ग, काभ्रेपलाञ्चोक

**सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना**

**सूचना प्रकाशित मिति २०७८/०९/१३**

यस चौरीदेउराली गाउँकार्यपालिकाको मिति २०७८/०९/१३ गतेको निर्णय बमोजिम यस गाउँपालिकामा **सूचना प्रविधि अधिकृत** पद रिक्त रहेकोले सो पद पूर्तिको लागि देहाय अनुसार योग्यता पुगेका ब्यक्तिहरुलाई यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र निर्धारित ढाँचामा आवेदन पेश गर्नुहुन सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

क) पदः- **सूचना प्रविधि अधिकृत** ख) संख्याः- १ ग) तहः- अधिकृत छैठौं

घ) तलब स्केलः- नेपाल सरकारद्वारा तोकिए बमोजिम

**ङ) न्युनतम योग्यता :-**

- नेपाली नागरिक हुनुपर्ने,
- लोक सेवा आयोगले लिने "कम्प्युटर अधिकृत" पदको न्युनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer वा Information and Communications Technologies वा सो सरहको विषयहरु मध्ये कुनै एक विषय लिई स्नातक (BIT, BIM, BBIS, BCA, BCIS, BEIT, BSc. CSIT) गरेको उपाधिलाई आधार मान्ने,
- उमेर हद २१ वर्ष पुरा भई ३५ बर्ष ननाघेको,
- भविष्यमा सरकारी सेवाको लागी अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको,
- नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको,
- परिक्षाको किसिम- प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन गरी अन्तरवार्ता लिइने छ ।
- दरखास्त दिने अन्तिम मिति २०७८/०९/१९,

**च) आवेदन साथ पेश गर्नुपर्ने कागजातहरु :-**

१. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

२. शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपि,

३. दस्तुर रु. १,००० यस कार्यालयमा वा एन.सी.सी. बैंक चौरीदेउराली शाखा ग.१.१ आन्तरिक राजश्व खाता नं. १४४०००००३११०१ मा रकम जम्मा गरेको भौचरको प्रतिलिपी पेश गर्ने ।

४. सेवा सम्बन्धी अनुभवको प्रमाणपत्रको प्रतिलिपि,

५. तोकिएको ढाँचामा आवेदनको फाराम ।

**छ) दरखास्तको फाराम पेश गर्ने किसिम :-**

- चौरीदेउराली गाउँपालिकाको कार्यालय ढाँडखर्क भञ्याङ्ग, काभ्रे वा www.chaurideuralimun.gov.np मा उपलब्ध हुनेछ ।

➢ स्थानीय तथा अनुभवीलाई प्राथमिकता दिइनेछ ।

➢ दरखास्त सम्बन्धी फाराम तथा अन्य जानकारीको लागि सम्पर्क यस गाउँपालिकाको वेबसाइट https://chaurideuralimun.gov.np ९८५१३१००९२ मा सम्पर्क गर्न सकिने छ ।

महान दास लामा

प्रमुख प्रशासकीय अधिकृत